# नलगाड नगरपालिकाद्वारा आयोजित शैक्षिक अन्तरक्रिया तथा बहस कार्यक्रममा प्रस्तुत कार्यपत्र २०७९।११।११ गते

## सार्वजनिक शिक्षाको सबलीकरणमा देखिएका समस्या एवं चुनौतीहरु:

**१. सन्दर्भ सुरुवात:**

जनशक्तिको दक्षता, क्षमता, अनुशासन, लगनशीलता विकासको प्रमुख माध्यम शिक्षा हो । मानव शक्ति स्वंम आत्मनिर्भर बन्न र राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बन्न गुणस्तरिय शिक्षाले नै टेवा पुर्याउदछ। कामलाग्दो मानव स्रोतको उत्पादन गरी समय अनुकूल आईपर्ने समस्या समाधान पनि शिक्षाको उपयुक्त प्रबन्धबाट मात्र सम्भावना रहन्छ। समाजको सर्वाङ्गिण विकास गरी समुन्नत समाज निर्माणको लागि व्यबस्थित सार्वजनिक शिक्षाको उत्कृष्ट प्रवन्धकीय व्यबस्था नै उत्तम उपाय हो । विश्वका अव्वल राष्ट्रहरु अकल्पनीय विकास गरी आर्थिक सामाजिक रुपान्तरणको नवीनतम उपायहरु खोजी गर्दै नयाँ चमत्कार देखाउन सकेका छन । जुन त्यहाँको शैक्षिक प्रवन्धले ल्याएको नतिजा हो भन्दा अत्युक्ति हुन सक्दैन । विकास र सुशासनका विविध विषयहरु दिन प्रतिदिन जटिल मोडमा पुग्दै गरेको र समाधानको Modality तय गर्ने विषय समेत शैक्षिक व्यबस्थापनको विषय भित्र पर्न जान्छ । जुन देशको शिक्षा समयानुकुल गुणस्तरीय र नागरिक हित प्रवर्द्धन केन्द्रित हुन्छ त्यहाँको विकासका आयामहरु गूणस्तरिय बन्दै गएको पाईन्छ। मानवीय प्रवृति सकारात्मक, विकासप्रेमी, सुशासनयुक्त, प्रगतिशील बनाउने एक सशक्त अदृश्य तत्व शिक्षा भएकोले यसको सबलीकरण गर्न सकेमात्र समग्र मानव जीवन व्यबस्थित हुन सक्दछ । आज भएको सम्पूर्ण क्षेत्रको अस्तव्यस्तताको जिम्मेवारीको एक हिस्सा दूर्बल शैक्षिक ब्यबस्थापनलाई पनि जान्छ । input– process output oucome को system मा जुनरुपमा प्रभावकारी अन्तरसम्बन्ध हुनु पर्थ्यो त्यो हुन नसक्दा internal efficiency त सन्तोषजनक देख्न सकिएला तर external efficiency कमजोर अबस्थामा रहेको पाईन्छ। जुन लाखौ शिक्षित जनशक्ति कमजोर श्रम सम्बन्ध हुँदा हुदै पनि Danger / Dirty कामका लागि भएपनि न्युन वेतनमा सम्झौता गरेर बैदेशिक रोजगारमा जान बाध्य भएको दृष्टान्तले पनि प्रमाणित गरेको पाईन्छ।

शैक्षिक प्रबन्धको महत्व व्यापक र विस्तृत हुँदा हुदै पनि राज्यको प्राथमिकतामा शिक्षाको अवस्था कमजोर रहेको पाउन सकिन्छ। शैक्षिक व्यबस्थापनका अवयवहरु कार्यान्वयनका लागि बनेका संयन्त्रहरु बास्तविक कामयावी हुन नसकेको निश्कर्ष सर्वस्वीकार्य छ । बर्तमान सन्दर्भमा तीन तहका सरकारका संसद र सभामा शैक्षिक व्यबस्थापनको सवलीकरण बारेमा नगन्य रुपमा बहस र छलफल हुने गरेको र भरपर्दो नीतीगत र व्यबस्थापकीय सुधारको मार्गचित्र नबन्दा शैक्षिक गन्तव्य कुहिरोमा हराएको काग जस्तै बन्दै गएको छ। प्रगतिशिल दिमागहरु विकशित हुने उचित शैक्षिक बाताबरणको पर्खाईमा बस्दा

बस्दै जीवनको महत्वपुर्ण अध्याय गुज्रेको हुन्छ। राज्यको शैक्षिक प्रबन्धमा आबश्यक लगानीको सधै अपर्याप्तता देखिन्छ भने अर्को तर्फ यसतर्फ गरिएको लगानीबाट अपेक्षित प्रतिफल हासिल पनि हुन नसकेको अवस्था रहेको छ। नतिजामुखी शैक्षिक व्यबस्थापनको लागि भएका प्रयासहरु यथार्थ र गूणस्तरीय हुन सके यहाँको शैक्षिक व्यबस्थापन व्यबस्थित बन्ला तथापी आजको मितिसम्म व्यबस्थापन भित्र पर्ने Men, money, machine, method, mechanism लाई systemic बनाउन नसकिएको तथ्य स्वीकार्न सकिन्छ।

शिक्षामा गरिएको लगानीलाई हेर्दा राष्ट्रिय सुचक ११ प्रतिशत भन्दा माथि देखिदैन परिमाणमा ठुलो बजेट देखिएतापनि अधिकांश हिस्सा तलव भत्तामा ब्यय हुने भएकोले अन्य विकासको लागि के गर्ने भन्ने प्रश्न व्याप्त छ।

## २. **जाजरकोट जिल्लाको संक्षिप्त अवस्थाः**

प्रजातन्त्रको स्थापना २००७ साल पश्चात जिल्लाका केही नगण्य स्थानबाट शैक्षिक संस्थाहरु स्थापना हुन लागेको ईतिहास पाईन्छ। विस २०४६ साल सम्म आईपुग्दा जिल्लाका केहि स्थानहरुमा विद्यालयहरु स्थापना भएको र संख्यात्मक रुपले कमै व्यक्तिले शिक्षाको अवसर पाएको देखिन्छ। तत्कालिन अवस्थामा शिक्षा माध्यमिक तहसम्म निशुल्क नहुनुले पनि शिक्षा प्राप्त गर्ने अवसरबाट बन्चित हुनुपरेको अवस्था पनि हो । वि.सं. २०४६ सालमा बहुदलीय ब्यवस्थाको पुनः स्थापना भए पश्चात विद्यालय स्थापनाको आवश्यकता बढ्दै गएको र धेरै विद्यालय स्थापना भएको देखिन्छ। माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्न ३, ४ घण्टाको पैदल हिन्नु पर्ने अवस्था थियो भने क्याम्पस पढ्नकै लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता थियो । क्रमश भुगोल, जनसंख्या, आबश्यकता आदिलाई ख्याल गरेर शैक्षिक संस्थाहरु विस्तार हुँदै गए पश्चात आज जाजरकोट जिल्लामा शैक्षिक संस्था र बालवालिकाको पहुँच नजिक बन्न सकेको छ। करिव साढे चारसयको संख्यामा सामुदायिक विद्यालयहरु संचालनमा रहेको र स्नातकोत्तर सम्मको पढाईको थालनी गरिएको छ । जिल्लाको NER को अवस्था अहिले पनि तथ्यमा आधारित बनाउन सकिएको देखिदैन⁄ Hard Core Group का बालबालिकाहरु सधै विद्यालय बाहिर छन। साधारण र प्राविधिक शिक्षाको पहुँच विस्तारमा सबैको जोड पुगेको पाउन सकिन्छ। विभिन्न कारणले शैक्षिक संस्थाहरु स्थापना गर्न सकिएको देखिएता पनि Site Based Manegement – SBM Theory का आधारमा स्थापना भएका विद्यालयहरु नगण्य संख्यामा छन । जसले गर्दा शैक्षिक संस्थाहरुको समग्र विकासमा समस्या देखिन्छ। कतै उपयुक्त भुगोलको समस्या, कतै भौगोलिक कठिनाई, जनसंख्याको आकारलाई हेर्दा समेत तालमेल मिल्न नसकेको छ⁄ यावत कारणले विद्यालयमा रहेका स्थानहरु हेर्दा शैक्षिक दृष्टिकोणले ज्यादै अनुपयुक्त अवस्था देखिन्छ।

संघीयता स्थापना भए पश्चात माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई विनियोजन गरिएको छ। जसले गर्दा पनि शैक्षिक संस्थाहरुको विकासमा थप जोड पुगेकाले जाजरकोटको शैक्षिक अवस्थामा परिबर्तन हुदै आएको पाउन सकिन्छ।

क्षेत्रगत रुपमा हेर्दा क्षेत्र नं १ मा सामुदायिक विद्यायलको संख्या २०७ देखिन्छ। यस क्षेत्रमा उच्च शिक्षा अध्ययनका लागि ३ वटा क्याम्पस समेत संचालनमा रहेको पाईन्छ भने खलंगा दल्ली र पैंकमा स्थापना भएका क्याम्पसहरुमा भैरहेको पढाईका विषयमा त्यहाँको सवलीकरणका लागि अध्ययन विश्लेशण र नयाँ योजनाको खाँचो देखिन्छ।

संख्यात्मक रुपले जाजरकोट क्षेत्र नं १ मा विद्यालय संख्या पर्याप्त देखिन्छ भने उच्च शिक्षाका लागि बारेकोट क्षेत्रमा क्याम्पस आबश्यकता हो भन्न सकिन्छ। अव परिमाणलाई परिणाम तर्फ तादाम्यता कायम गर्दा गम्भिर अवस्था पाउन सकिन्छ। बर्षेनी एस ई ई र १२ कक्षाको साथै अन्य कक्षाको नतिजालाई आधार मान्दा सन्तोषजनक अवस्था त रहला तर त्यसको बैधता माथि सधै प्रश्न चिन्ह देखिएको छ। राजधानी तिर ब्यबस्थित शैक्षिक संस्थाले लिने प्रवेश परीक्षामा हाम्रो उत्पादन मध्ये कतिले प्रवेश पाउछन ? चिकित्सा शिक्षा, ईन्जिनियरिङ्ग शिक्षा, सि. ए. तिर प्रवेश पाउनेको अवस्था पनि नगण्य रुपमा रहेको छ। लोकसेवा आयोगको सन्दर्भमा Non Gazatted र Gazatted तर्फ हेर्दा रुकुम, जुम्ला, दैलेख, सुर्खेत भन्दा हाम्रो अवस्था साह्रै कमजोर रहेको छ। यो सबै विद्यालयको reflection हो। समग्र विद्यालयको MEC (Minimum Enabling Condifon) हेर्दा दया लाग्दो अवस्था छ। नमूनाको रुपमा देखाउनलाई यौटा पनि विद्यालय छ भन्न गाह्रो अवस्था छ। जसले गर्दा हाम्रो जिल्लाको शैक्षिक गुणस्तर कमजोर रहेको छ। विद्यालयको Overall अवस्था आकर्षक छैन, विद्यालय विद्यालय जस्तो बनाउन सकिएको छैन भन्ने कुरामा सर्व स्वीकारोक्ती हो।

### ३. सरोकारवालाहरुको भूमिका विश्लेषणः

शिक्षाको सरोकारवाला एउटा, दुईटा पक्ष भन्ने एकिन हुन सक्दैन भने सबै क्षेत्रका ब्यक्ति शिक्षाको सरोकारवाला हुन। राजनीतिकर्मी, समाजसेवी, नागरिक समाज, पत्रकार, धार्मिक अभियन्ता लगायत अन्य Core Stakeholder हरुमा वि. व्य. स. PTA अभिभावक, शिक्षक, विद्यार्थी, शैक्षिक प्रशासनिक निकायहरु रहन्छन। यहाँ सबै Stake Holder को भुमिकाको सन्दर्भमा आजको मिति सम्म के अवस्था छ भन्दा सबैलाई जानकारी भएकै विषय हो। भुमिकाको विषयमा सबै कोणबाट कमजोर आंकलन गर्न सकिन्छ। शिक्षा प्राथमिकताको पहिलो नम्बरमा किन पर्न सकेको छैन ? शैक्षिक ब्यबस्थापन अव्बल हुनुपर्छ भन्ने एकमत किन हुन सक्दैन ? विकासका अन्य पुर्वाधारको पुच्छारमा शिक्षा किन राखिन्छ ? विद्यालय शिक्षामा राजनीतिको अपराधीकरण, अपराधको राजनीतीकरण कहिले सम्म ? शैक्षिक ब्यबस्थापन सफल र नतिजामूखी बनाउनु भन्दा व्यक्तिगत र राजनितिक लाभ प्राप्त गर्न वि. व्य. स. PTA को गठन गर्न कार्य कहिले सम्म रहन्छ ? विद्यालयको नियमन व्यबस्थाको वैधतामाथि प्रश्न कहिले सम्म ? शिक्षक प्राज्ञिक बन्ने कि प्राविधिक बन्ने हो ? अभिभावकलाई तत्कालिन नतिजा चाहिएको हो कि दीर्घकालिन उपलब्धी ? सांसद, मन्त्री तथा अन्य उच्च पदस्थ ब्यक्तिहरुको नजरमा

विद्यालयको कक्षा कोठा पर्छ कि नाई ? नीजि क्षेत्रको आखाँमा सधै नाफामुखी प्रबृतिमात्र किन ? Corporate Social Responsibility किन अभिबृद्धि हुन सकेन ? पत्रकारले विद्यालयका राम्रा, नराम्रा समाचार संकलनमा किन ध्यान नदिएको होला ? शिक्षा प्रशासन र अन्य प्रशासकीय भुमिकामा रहेका ब्यक्तिहरु शिक्षकलाई प्राविधिक सहायता र Clinical Supervision भन्दा बाहय पक्षको मात्र अवलोकन गर्ने अल्झनमा कहिलेसम्म ? राम्रो भन्दा हाम्रोको मात्र बढी खोजी कहिले सम्म ? शिक्षामा ब्यापक लगानी हुने कहिले होला ? सामुदायिक र संस्थागत विद्यालयको Gap अन्त्य गर्ने रणनीति विकास गर्ने जिम्मा कसको ? माथिका प्रश्नहरु आजसम्म अनुत्तरित छन । दण्ड र पुरस्कार प्रणाली एवं शिक्षामा सक्षम जनशक्ति भिकाउने र टिकाउने सक्षम नीति लागू हुन नसक्दा शिक्षा क्षेत्रका उम्दा जनशक्तिको वहिर्गमन बढ्दो छ। माध्यामिक तहको स्थायी शिक्षक निजामतीको खरिदार, प्रा. स. तिर जान राजी छ।

समग्रमा हामी सरोकारवालाहरुको भुमिका आ-आफ्नो क्षेत्रमा उपयुक्त छ भन्न सकिदैन। विद्यालय उत्पादनका केन्द्र बन्नु पर्नेमा शिक्षित बेरोजगार उत्पादन गर्ने कारखाना र अदक्ष श्रमिक निर्यात गर्न सघाउने स्थलहरु बन्दै जाँदा हाम्रो Population Bonus कामयावी हुन नसक्ने चिन्ता बढदो छ। सार्वजनिक नीतिमा शिक्षा नीतिको पृथक पहिचान, नीति कार्यान्वयन संयन्त्र र विधि, पर्याप्त लगानीको प्रबन्ध, सुहाउँदो कार्ययोजना निर्माण नहुँदा हाम्रो शिक्षा हामी बाटै विग्रेको छ।

## ४. सार्वजनिक शिक्षाको सवलीकरणमा देखिएका केहि मूख्य समस्या एंव चुनौतीहरुः

शिक्षा क्षेत्रमा वग्रेल्ती समस्याहरु छन। अझ हामी जाजरकोटीका सामु थप समस्याहरुको चाङ्ग छ। जिल्लाको शैक्षिक अवस्था प्रतिष्पर्धी र गुणस्तरिय नहुँदा उत्पादित जनशक्ति कामयावी र चलायमान हुन नसकेको यथार्थ हो। शिक्षाको माध्यमबाट उत्पादन र उत्पादकत्व प्रवर्द्धन गर्दै उद्यमशिलता विकास गर्नु आजको आबश्यकता हो। समाजमा सुशासन, अनुशासन, अमन चयन कायम गर्दै स्वस्थ र शान्त समाज निर्माणको लागि शिक्षाले मार्गदर्शन गर्दछ, तर तत्-तत् क्षेत्रमा दिनानुदिन समस्याहरु बढ्दा छन जसको कारण शैक्षिक क्षेत्रमा बढ्दै गएको शैक्षिक अराजकता र अव्यबस्थित प्रणाली हो।

हाम्रा विधमान शैक्षिक समस्याहरुका सन्दर्भमा Student Teacher Ratio नमिल्दो रहेको छ, कतै कमी र कतै वढी छ। Nepotish, favorism का कारण उम्दा जनशक्तिको प्रवेशमा समस्या रहेको छ। शैक्षिक व्यबस्थापनमा Planing, staffing, organing, direcfing, coordination, reporting, budgting को अवस्था कमजोर स्तरको रहेको छ। शिक्षाको लागि बन्ने सार्वजनिक नीति Evidence Based छैन। विद्यालय तहमा लिईने र करारमा शिक्षक कर्मचारी छनौटका लागि लिईने परीक्षामा Validity र विश्वशनियता देखिदैन। MEC को

सुधारमा गुणस्तरको कमसल अवस्था र शैक्षिक नियमनको अवस्था भद्रगोल देखिन्छ ? Record Keeping (Budgetary and Non Budgetary ) मा पारदर्शिता एवं बस्तुपरकताको अभाव छ। सिकाईलाई शैद्धान्तिक रुपमा मात्र जोड दिने र कार्यमूलक कसरी बनाउने भन्नेमा योजना विहिनता रहेको छ। विद्यालय सुरक्षाको अवस्था नाजुक रहेको छ। जिल्लामा आवासीय सुविधा भएका विद्यालय व्यस्थापनमा कम चासो हुँदा सिकाईको गुणस्तर वृद्धि हुन सकेन । शैक्षिक लगानीलाई उत्पादनसंग जोडेर Value of Worth (मूल्य सार्थकता) हासिल गर्न नसकिएको । बालवालिकाको सिर्जनात्मकता विकास गर्ने क्रियाकलापहरु अभिबृद्धि गर्दै विद्यालय आकर्षणमा Pulling Factors विकास गर्न सकिएको छैन। लगानी नभएको पनि छैन तर त्यसको achieverrant analysis देखिदैन। शिक्षण विधि, कक्षाकोठा ब्यबस्थापन एवं मुल्यांकन प्रक्रियामा देखिएका नवीनतम प्रविधिको कार्यान्वयनमा कमजोर अवस्था रहेको छ। Inovation हैन Change resist गर्ने प्रवृत्ति बढ्दो रहेको छ। शिक्षकमा Update हुने, अध्ययनशिलता प्रवर्द्धन गर्न बानी विकास नहुनु, बालबालिकाको लागि विद्यालयद्धारा ontime र offtime मा गरिने क्रियाकलापहरु सिर्जनात्मक बनाउन नसकिएको । गृह अध्ययनको लागि बालवालिका केन्द्रित शैक्षिक बातावरण बन्न सकेन। सबैको आखाँमा कक्षाकोठाको अनुहार उज्यालो बनाउनु पर्छ भन्ने भावनाको उजागर हुन सकेन। High Profile मा रहेका ब्यक्तिहरुबाट शिक्षा क्षेत्रभन्दा अन्य क्षेत्र प्राथमिकताको विषय बन्ने गरेको र यस सम्बन्धमा पृष्ठपोषण दिने काम हुन सकेन । शैक्षिक पुर्वाधारहरु गुणस्तरहीन बन्ने गरेको छ । शिक्षक दरबन्दी प्रर्याप्त नहुँदा शिक्षण सिकाई अर्थपूर्ण बन्न सकेन । उल्लेखित समस्याहरु शिक्षामा हालसम्मकै ठुला समस्याहरु हुन । दूरदराजका विद्यालयमा प्रविधिको अभाव रहेको छ । भएको ब्यबस्थापन पनि कपडाले ढाकेर Useless राखिएको छ । सरोकारवाला विचको समन्वय र अन्तर निकाय समन्वयको अवस्था नाजुक देखिन्छ । प्राविधिकधार संचालन भएका विद्यालयहरु साधारण शिक्षा संचालन भएका विद्यालयहरु भन्दा फरक देखिएनन् । कृषिको पढाई हुन्छ प्राङ्गणमा यौटा देखिदो काम छैन । पठनपाठनमा काम चोर प्रवृति, Rent Seeking Behanour (फाईदा खोज्ने) बढ्दो रहेको छ। औषत सिकाई उपलब्धी बृद्धि गर्ने क्रियाकलापहरुमा नयाँपन नदेखिने, राम्रो विद्यार्थी र कमजोर विद्यार्थी बीचको प्राप्ताङ्कको Range फाराकिलो छ। परीक्षा सम्पन्न भएपछि Item analysis नहुँनु, विद्यालयबाट उत्पादित जनशक्तिको हालसम्मको अवस्था के रहयो कहिले बिश्लेषण हुन सकेन । विद्यालयहरु ज्ञानका उत्कृष्ट केन्द्र विकास हुनु पर्नेमा सामान्य कामचलाउ मात्र बन्दै जानु, शिक्षक कर्मचारीको वृत्ति विकासमा रहेको अन्योलता, विभेद र प्रशासनिक Automation मा रहेको समस्याका कारण बढ्दो नैरास्यता, राम्रो भूगोल छानेर विद्यालय बनाउने भन्दा पनि अपायक, छोडेको जग्गा खोजेर विद्यालय निर्माण गर्ने गरिएको । विद्यालयमा Course Analysis, Instructional Plan Analysis, MEC Analysis, Achievement Analysis भन्दा Conflict Of Interest मा आधारित क्रियाकलापहरु बढ्दो अवस्थामा रहनु, चरम राजनितिक आग्रह पूर्वआग्रह कक्षाकोठासम्म फैलिनु, विद्यार्थी र शिक्षकका संघ संगठनहरुले कक्षाकोठा केन्द्रित कार्यहरु गर्ने कार्ययोजना नराख्नु, शैक्षिक गुणस्तर विकासमा भन्दा सदस्यता वितरण र संरक्षणमा बढ्ता ध्यान दिनु। वि. व्य.स. गठनमा चरम राजनितिक चलखेल बढनु, विद्यालयमा पुर्णकालीन प्र. अ. बन्न नसक्नु, प्र.अ. भएपछि पढाउनु हुदैन भन्ने प्रवृति बढ्नु, नेतृत्व क्षमतामा प्रश्न रहिरहनु

। विद्यालयमा Capacity Builading का क्रियाकलापहरु कमै मात्र हुने गर्नु, राम्रा विद्यालय बनाउनु भन्दा यहाँका सरोकारवालाहरु आफ्ना बालवालिकाहरुका लागि राम्रा विद्यालयहरुको खोजिमा अन्यत्र जाने गर्नु, कमजोर Supervision को अवस्था, असल र राम्रा विद्यालयबाट त्यहाँका राम्रा अभ्यासहरु आयात गरेर विद्यालय सुधार योजना बन्न नसक्नु, विद्यालय आयो, पढ्यो, पढायो, गयो, त्यसपछि Curriculum ले Guide गरेको सक्षमता कति हासिल गरेको अवस्था हो त्यसको खोजि एवं विश्लेशणको समस्या, ज्ञान र परिस्थिति विचको सम्बन्ध जोडन सक्ने Creativity विकासमा Innovation को समस्या, सुधारको कार्ययोजना यथार्थ र कार्यान्वयनयोग्य वन्न नसक्नु जस्ता यावत समस्याहरु रहेको देखिन्छ । यो जीवन्त समस्याहरु निम्त्याउने पनि हामी, समाधान गर्ने पनि हामी नै हो । अझै यसको किनारा लगाउन प्रयास नगरे थप पछि पर्दै जान्छ हाम्रो शैक्षिक अवस्था ।

त्यसैगरी यसमा रहेका केही मूख्य चुनौतीहरु छन, जसले गर्दा सार्वजनिक शिक्षाको सवलीकरणकमा कठिनाइ सृजना भएको छ, जसमा : शिक्षामा राजनीतिकरणको अन्त्य गर्ने चुनौती, सवै सरोकारवालाहरु दत्तचित्त भई यस क्षेत्रमा सक्रिय रहने, गुणस्तरीय पुर्वाधार निर्माण गरी आकर्षक वातावरण तय गर्ने, स्थानिय तहवाट राजश्व बाँडफाड र वित्तीय समानिकरण अनुदानको २०% बजेट शिक्षामा विनियोजन गर्ने, बजेटको नतिजामुखी परिचालन गर्ने, जो जसलाई जुन कार्य तोकिएको छ त्यसको तत्-तत् कार्यान्वयन गर्ने र प्रतिफल प्राप्त गर्ने, गुणस्तरिय सिकाईका क्रियाकलापहरु प्रवर्द्धन गर्दै प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने, अन्य जिल्लाका राम्रा विद्यालयका विद्यार्थीसँग सजिलै प्रतिस्पर्धा गर्ने विद्यार्थी उत्पादन गर्ने, आकर्षक (आह ! भन्न लायक ) विद्यालयहरु बनाउने कार्य, प्राथमिकताको हरेक सन्दर्भमा शिक्षालाई पहिलो प्राथमिकतामा जोडने जस्ता चुनौतीहरु हामी सामु विद्यमान रहेको अवस्था छ । यी चुनौतीहरुलाई अवसरका रुपमा लिएर अघि वढन सके हाम्रो विद्यालय, राम्रो विद्यालय, हाम्रो शिक्षा, गुणस्तरिय शिक्षा वनाउन सकिने कुरामा दुई मत रहदैन ।

## ५. शिक्षाको सवलीकरण गरी गुणस्तरिय शिक्षा दिन संभावना, अवसर र उपाय :-

यसपूर्व शिक्षा क्षेत्रमा भएका कमजोरी र अदूरदर्शिताको कारण विद्यालय शिक्षामा अपेक्षित विकास हुन सकेन । फलस्वरुप नागरिकको गुणस्तरीय जीवन प्राप्तिमा समस्या आयो । अझै यो अवस्थालाइ उपयुक्त अध्ययन विश्लेषण गर्न नसक्ने हो भने थप भयानक स्थिति आउनेछ तसर्थ यसको सन्दर्भमा तमाम संभावना र अवसर समेत रहेको र सम्वद्ध सरोकारवालाले आवश्यक रणनीतिक उपाय अपनाउन सके सुधार हुन सक्छ । गरे नहुने केहि छैन, हाम्रा अगाडि प्रचुर सम्भावना र अवसर छन । सो सम्वन्धमा माध्यमिक तह सम्मको शिक्षाको अधिकार नजिकको सरकार स्थानीय तहको एकल अधिकार भित्र पर्दछ, प्रविधिको विस्तार हुँदै गएको छ, यसको प्रयोग गर्न सकिन्छ । जसको माध्यमवाट Online ⁄ Offline सिकाई वातावरण निर्माण गर्न सकिने अवस्था छ । वर्षेनी शिक्षक सेवा आयोगले नयाँ जनशक्ति पदपूर्ति गर्दै आएको छ । राज्यको लगानी विद्यालयसम्म पूगेको छ, त्यसको उचित परिचालनको खाँचो मात्र छ । तालिम, गोष्ठी निरन्तर हुँदै आएका छन, त्यसको प्रयोग कक्षा कोठामा पुर्याउने विषय मात्र प्राथमिकतामा पर्नु आवश्यक छ । प्रदेश सरकारले चाहेमा शिक्षण सिकाइ अनुदानमा आधारित शिक्षक कोटा वितरण गर्ने अवस्था छ । जसले अल्पकालिन रुपमा भएपनि जनशक्ति आपुर्ति गर्न सहजता

दिलाउन सक्छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम जसरी मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम तय गरी त्यसवाट विद्यालयमा न्यूनतम सक्षमताको अवस्था सुधार गरी विद्यालयहरु व्यवस्थित बनाउन सक्ने अवस्था छ। सरोकारवालाहरुले विद्यालयहरुलाई शान्तिक्षेत्र, राजनीति मुक्त क्षेत्र घोषणा गर्न ऐक्यवद्धता देखाउन सके यसवाट नतिजा उन्मुख शैक्षिक वातावरण विकास हुने अवस्था आउन सक्छ। अभिभावकको चेतनास्तर वृद्धि हुदैंछ, बालबालिकाको Home learning environment उपयूक्त वनाउन र off time learning प्रभावकारी वनाउन सक्ने अवस्था छ। विद्यालयहरुले विभिन्न प्राविधिक धारमा संचालन गर्न अनुमति पाउने र केहीले पाएको अवस्था छ। त्यस्ता विद्यालयले त्यसको मापदण्ड अनुसार प्राविधिक ज्ञान सीप र क्षमता विकास गर्न अनिवार्य र आवश्यक कार्य गरेमा त्यसले देशमा रोजगारी सृजना उद्यमशिलता प्रवर्द्धन भई सक्षम नागरिक उत्पादन हुने, गरिबी घटाउन मद्धत पुग्ने देखिन्छ। जसको कारण समाजमा अनुशाशनको विकास समेत हुन सक्दछ। परीक्षा प्रणाली, सिकाई वातावरणको वर्तमान अवस्थाको विश्लेषण गर्ने, योजना निर्माण गर्ने, समस्याको Quick shoot गर्ने जोश हामीमा छ तर त्यसको उर्जा नआएको मात्र हो त्यो उर्जा जागरण भएमा उपलब्धिमा वढोत्तरी नहुने भन्ने नै छैन।

विद्यालय व्यवस्थापनका विविध पक्षहरुको लेखाजोखा गरी त्यसको सुधारको कार्ययोजना निर्माण गर्न सक्ने क्षमता हरेक प्र.अ. मा छ। त्यसलाई keisen Method मा आधारित सुधारमा निरन्तर इट्टा थपे केहि वर्षमा यहाँको विद्यालय शिक्षा अपेक्षित सुधारको गतिमा पुग्न सक्छ। विद्यालयको शैक्षिक वातावरण उपलब्धी उन्मुख बन्न सक्दछ, विभिन्न INGO/NGO ले शिक्षालाई प्राथमिकतामा राख्दै बालबालिकाको क्षेत्रमा लगानी वढाएका छन्। यस्ता संघ संस्थाहरुसंग समन्वय बढाउन सकेमा विद्यालयहरु व्यवस्थित वनाउन थप सहयोग पुग्न सक्ने देखिन्छ।

**६. सन्दर्भ सार :–**

विद्यालय शिक्षा व्यवस्थित बनाउनुको प्रमुख उदेश्य सक्षम जनशक्ति विकासको आधार तयार गर्नु हो। Human Resource Management प्रभावकारी वनाउनु प्रमुख विषय हो। कुनै एक पक्षको प्रयासले मात्र सार्वजानिक शिक्षा सवल र गुणस्तरको हुन सक्दैन त्यसका लागि प्र.अ. को सवल Leadership, अन्य सरकारवालाको कार्यमूलक सक्रियताको जरुरी पर्दछ। नीति निर्माता देखि विद्यालयका बालबालिका सम्मको Major प्राथमिकता विद्यालय शिक्षा हुनु आजको सोचनीय विषय हो। Society को प्रतिविम्व कक्षाकोठाहरु हुन। जुन कक्षाकोठावाट आवश्यक जनशक्ति विकासको आधार बन्छ र भोलीको समाज त्यस्तै बन्ने भएकाले पनि हाम्रो कक्षाकोठा व्यवस्थित र आशालाग्दा हुनु नितान्त आवश्यक छ। समाजमा घट्ने सवै क्रियाकलापको मुल कक्षाकोठा हो भने, राष्ट्रको सम्मुन्नतिको प्रमुख भुमिका खेल्ने मानव जनशक्ति उत्पादनको मुल Gate पनि कक्षा कोठा हो। तसर्थ आजसम्मको शैक्षिक अवस्था विश्लेषण गरि कमजोर पक्ष पहिचान गर्दै हरेक पक्षको सवलीकरण गर्ने र अपेक्षित नतिजा उन्मुख वनाउने मुख्य

प्राथमिकता हो । त्यसरी अगि वढदा जाजरकोटको शैक्षिक अवस्था अन्य स्थानसँग प्रतिस्पर्धी र गुणस्तरीय बन्नगई यहाँको अवस्था सुधारमा महत्वपूर्ण आधार बन्न सक्ने विषयमा आशा गर्न सकिन्छ ।

**धन्यवाद** !!!

प्रस्तुतकर्ता
मानबहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत
नलगाड नगरपालिका जाजरकोट